निर्णय नं. १

चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१ फागुन २१ गते दिनको १:०० बजे बसेको ३९ औं नगर कार्यपालिका बैठकको निर्णय उपर छलफल तथा समिक्षा गरियो।

निर्णय नं. २

चौतारा साँगाचोकगढी नगरपालिकाको आगामी नगर सभाबाट स्वीकृत हुने गरी सुशासन (शासकीय प्रबन्ध) ऐनको मस्यौदा र विशेष परियोजना संचालन तथा व्यवस्थापन ऐनको मस्यौता निर्माण गर्नका लागि नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ३

दहत्तर बहत्तर तर्फको नदीजन्य पदार्थ उत्खनन् लगायतका कार्यहरुको लागि प्रमुख प्रशासकीय अधिकृतले आवश्यकतानुसारका कर्मचारीहरु लिई अनुगमन गर्ने र यसरी अनुगमन गर्दा खाजा खर्च वापत् प्रतिदिन प्रतिव्यक्ति रु. १०००।- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ४

चौतारा साँगाचोकगढी नगरपालिका भित्र रहेका बजार क्षेत्रमा स्वास्थ्य तथा सरसफाईमा सुधार र सामाजिक सुरक्षा तथा ट्राफिक व्यवस्थापन गर्ने उद्देश्यले हप्तामा १ दिन व्यवसाय बन्द गर्नका लागि उद्योग वाणिज्य संघसँग समन्वय गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ५

चौतारा साँगाचोकगढी नगरपालिकाको नागरिकहरुको स्वास्थ्य सेवाको आवश्यकतालाई मध्येनजर गर्दै वडा नं. १० जल्केनीमा होमियोप्याथिक स्वास्थ्य सेवा (वैकल्पिक स्वास्थ्य सेवा) संचालनका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गत रहेको राजश्व परामर्श समितिको मिति २०८१/१२/१७ गतेको निर्णयहरुलाई यस बैठकमा अनुमोदन गरी उक्त निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ७

नगरपालिका कार्यालयको कार्यक्षमता र नियमानुसार सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले नगरपालिकामा कानूनी सल्लाहकार आवश्यक रहेको देखिन्छ। नगरपालिका कार्यालयमा कामकाजका शिलशिलामा उत्पन्न हुने कानूनी समस्याहरूलाई समाधान गर्न, प्रशासनिक प्रक्रिया एवं कानूनी पक्षमा सही मार्गदर्शन प्रदान गर्न, नगरपालिका एवं नागरिक वा अन्य सरकारी निकाय बीच उत्पन्न हुने कानूनी विवादहरूको समाधान गर्न चौतारा साँगाचोकगढी नगरपालिकामा १ (एक) जना कानूनी सल्लाहकारका लागि आवश्यक प्रकृया अगाडी बढाउन नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ८

नागरिकहरुको सुरक्षा, प्रशासनिक निगरानी तथा पारदर्शिता एवं सुरक्षा व्यवस्थालाई प्रवर्द्धन गर्ने उद्देश्यले चौतारा साँगाचोकगढी नगरपालिकाको वडा नं.११ स्थित बनदेउमा सि.सि.टि.भि. जडान गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. ९

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको पत्र संख्या २०८१/०८२, चलानी १२०, मिति २०८१/११/०५ गतेको Biometric Device व्यवस्थापन गर्ने विषयको पत्रानुसार यस नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान, दर्ता तथा नवीकरण कार्यलाई थप सहज र पारदर्शी बनाउनका लागि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली बीच आबद्धता गर्न Biometric Device व्यवस्पाथनका लागि लेखि आएको हुँदा सोको लागि आवश्यक Biometric Device खरिद गर्न नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. १०

चौतारा साँगाचोकगढी नगरपालिकाबाट आ.व. २०८१/०८२ मा तयार गरिएको देहाय बमोजिमका योजनाको विस्तृत योजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | मेलचौर शहिद स्मृति पार्क | चौ.सा.गढी.न.पा.-०७, सि.पा. | |
| २. | कुखुरे धार्के खोला झोलुङ्गे पुल | चौ.सा.गढी.न.पा.-०२, सि.पा. | |

निर्णय नं. ११

चौतारा साँगाचोकगढी नगरपालिकाको जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४ मा भएको व्यवस्थामा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो।

| साविकको व्यवस्था | हाल संसोधन गरिएको |
|---|---|
| ८. परिचय-पत्र वितरण प्रकृया:<br>(क) जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न ६० वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयं वा निजको संरक्षकले चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ।<br>(ग) जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत निजले तोकेको पदाधिकारी हुनेछ।<br>(घ) परिचय-पत्र प्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटाईज्ड गरी यस चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराइनेछ। | ८. परिचय-पत्र वितरण प्रकृया:<br>(क) जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न ६० वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयं वा निजको संरक्षकले चौतारा साँगाचोकगढी नगरपालिकाको आफ्नो स्थायी बसोबास भएको वडाको वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।<br>(ग) जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको पदाधिकारी हुनेछ।<br>(घ) परिचय-पत्र प्राप्त जेष्ठ नागरिकहरुको विवरण संकलन गरी वडा कार्यालय मार्फत् त्रैमासिक रुपमा नगरपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा उपलब्ध गराउनुपर्नेछ। |

निर्णय नं. १२

सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १४ मा नमूनाको रुपमा तरकारी तथा फलफुल उत्पादन हुने भएको तर उपजको बजार भाउ न्यून भएको समय तथा ढुवानी असहज भएको अवस्थामा भण्डारण अभावको कारण तरकारी फलफुल कुहिएर ठूलो नोक्सानी हुने गरेको र छिमेकी स्थानीय तह तथा वडाहरुमा समेत सित भण्डारण नभएकोले आ.व. २०८२/०८३ मा बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट कुल लागतको ७० प्रतिशतले हुन आउने बजेट र यस नगरपालिकाबाट कुल लागतको ३० प्रतिशतले हुन आउने बजेट साझेदारी हुने गरी वडा नं. १४ मा २०० मेट्रिक टन क्षमता बराबरको सित भण्डार निर्माण गर्न आवश्यक बजेट मागका लागि उक्त मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १३

जग्गा प्राप्ती सम्बन्धमा चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. ८ मा विद्यार्थी छात्रवास निर्माण गर्ने प्रयोजनका लागि उक्त जग्गाको स्थलगत निरीक्षण एवं कागजपत्रको अध्ययन गर्दा तपशिल बमोजिमका विवरण भएका जग्गाहरु विद्यार्थी छात्रवास निर्माण गर्न उपयुक्त देखिएकोले सो जग्गा नगरपालिकाको नाममा नामसारी गरी जग्गा प्राप्ती गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

| सि.नं. | जग्गाधनीको नाम, थर | ठेगाना | | कित्ता नं. | सिट नं. | क्षेत्रफल | तर्फ |
|---|---|---|---|---|---|---|---|
| | | साविक | हाल | | | | |
| १. | श्री दल बहादुर दंगाल | इर्खु गाविस-९ | चौ.सा.गढी.न.पा.-८ | ८१८ | १५७०९४१ | ०-२-०-० | पुरा |
| २. | श्री चेत बहादुर दंगाल | इर्खु गाविस-९ | चौ.सा.गढी.न.पा.-८ | ६३८ | १५७०९४१ | ३-१०-२-० मध्ये ०-८-०-० | मध्ये |

निर्णय नं. १४

चौतारा साँगाचोकगढी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा कार्यान्वयन कार्ययोजना, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १५

प्रदेश लोक सेवा आयोगबाट चौतारा साँगाचोकगढी नगरपालिका कार्यालयमा सिफारिस भई आएका अधिकृतस्तर सातौं तहका कर्मचारीहरुलाई नियुक्ति पत्र दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो। साथै नियुक्ति पत्र पश्चात् निजहरुको नियुक्ति सम्वन्धमा नगर राजपत्रमा सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. १६

चौतारा साँगाचोकगढी नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M Survey) सर्भेलाई छिटो तरिकाबाट सम्पन्न गराउन नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १७

चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतको सुकुटे क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकास गर्न नगरपालिका र सिन्धु सुकुटे पर्यटन व्यवसायी संघबीच भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १८

वडा नं. ५ को वडा समितिको निर्णय बमोजिम उक्त वडा कार्यालयको च.नं. १६४३, मिति २०८१/१२/१५ को पत्रानुसार आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. ५ को योजना तथा कार्यक्रम एवं बजेट मध्ये तपशिलका योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि पेश हुन आएकोमा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | मागमा आधारित | १०,००,००० | छेकाथोक र भुलभुले नाला सरसफाई | २,००,००० |
| २. | युवा तथा खेलकुद कार्यक्रम | ४,००,००० | भिन्तुना चोक खेलकुद एकेडेमी ब्याडमिन्टन खेल संचालन | ९०,००० |
| ३. | उर्जा तथा विजुली तार व्यवस्थापन | ८,००,००० | सडक बत्ती व्यवस्थापन | ४,५०,००० |

## निर्णय नं. १९

वडा नं. ९ को वडा समितिको निर्णय बमोजिम उक्त वडा कार्यालयको च.नं. ५७६, मिति २०८१/१२/१७ को पत्रानुसार आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. ९ को योजना तथा कार्यक्रम एवं बजेट मध्ये तपशिलका योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि पेश हुन आएकोमा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | शैक्षिक सुधार अनुदान (वडा समितिबाट निर्णय गरी कार्यान्वयन गर्ने) | १५००००० | श्री कालीदेवी मा.वि. (शैक्षिक सुधार अनुदान) | ४५०००० |
| | | | श्री गोल्मादेवी मा.वि. (शैक्षिक सुधार अनुदान) | ४२५००० |
| | | | श्री आदर्श विद्या मन्दिर आ.वि. (कार्यालय व्यवस्थापन तथा शैक्षिक अनुदान) | २००००० |

## निर्णय नं. २०

वडा नं. १० को वडा समितिको निर्णय बमोजिम आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. १० को योजना तथा कार्यक्रम एवं बजेट मध्ये तपशिलका योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि पेश हुन आएकोमा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको बिनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | सार्वजनिक सुनुवाई कार्यक्रम | ५०००० | सामाजिक सुरक्षा भत्ता वितरण खर्च | ५०००० |
| २. | वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन | ५०००० | वडा समितिको बैठक भत्ता | ५०००० |
| ३. | सडक निर्माण तथा स्तरोन्नती (खर्च भई बाँकी रहेको) | २७००० | उत्तम के.सी. घर संरक्षण | ३०००० |
| ४. | सूचना तथा पत्रपत्रिका (खर्च भई बाँकी रहेको) | ३००० | | |
| ५. | भानडाँडा गुठीघर निर्माण | १५०००० | छेलो हान्ने डाँडा देखि मानडाँडा सडक स्तरोन्नती | १५०००० |

निर्णय नं. २१

यस नगरपालिका वडा नं. ११ को वडा समितिको निर्णय बमोजिम आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत वडा नं. ११ को योजना तथा कार्यक्रम एवं बजेट मध्ये तपशिलका योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि पेश हुन आएकोमा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | टनेल थोपा सिंचाई सामान खरिद अनुदान | ४००००० | मकै, धान, गहुँ, तोरी, जै घाँस र प्याजको विउ अनुदान | ७००००० |
| २. | अदुवा वेसार लगायतका विउ अनुदान | १००००० | | |
| ३. | धागो बनाउने मेशिन खरिद र तालिम कार्यक्रम अनुदान (खर्च भइ बाँकी रहेको) | १००००० | | |
| ४. | विरुवा खरिद सौन्दर्यकरण र ज्याला | १००००० | | |
| ५. | माछा पालन अनुदान | १००००० | पत्कर संकलन एवं अन्य विविध कामकाजका लागि ज्याला | १००००० |

निर्णय नं. २२

वडा नं. २ कार्यालयको च.नं. ७२०, मिति २०८१/१२/१८ गतेको पत्रानुसार आ.व. २०८१/०८२ को उक्त वडाको बजेट अन्तर्गत देहाय बमोजिमको योजना तथा कार्यक्रम एवं बजेट संसोधनका लागि लेखि आएको हुँदा उक्त संसोधन स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | साविकको योजना/संसोधन हुनु भन्दा अगाडीको शिर्षक | साविकको विनियोजित बजेट | हालको योजना/संसोधन गरिएको योजना शिर्षक | हाल विनियोजित बजेट |
|---|---|---|---|---|
| १. | अमारे खानेपानी निर्माण | २५०००० | महिला आय आर्जन तथा सिलाईको लागि अनुदानमा सामाग्री खरिद | २५०००० |
| २. | आय आर्जनमा आधारित अनुदान | ४००००० | सूचना प्रकाशित गरे वापत् पत्र पत्रिका | ९०००० |

निर्णय नं. २३

यस चौतारा साँगाचोकगढी नगरपालिकाको चालू आर्थिक वर्ष २०८१/०८२ को योजना तथा बजेट अन्तर्गत देहाय वमोजिम श्रोतान्तर गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | हाल कायम श्रोत | परिवर्तन गरिएको श्रोत | बजेट |
|---|---|---|---|---|
| १. | स्वास्थ्य वीमा कार्यक्रम | राजश्व बाँडफाँड (स्थानीय) | संघीय समानीकरण अनुदान | ५०,००,००० |
| २. | विपद् व्यवस्थापन कोष | संघीय समानीकरण अनुदान | राजश्व बाँडफाँड (स्थानीय) | ५०,००,००० |

निर्णय नं. २४

यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१/०९/२८ गतेको १७ औं नगर सभाबाट विनियोजित कमजोर शैक्षिक उपलब्धी भएका विद्यालय अनुदान शिर्षकको ७,००,०००।- (सात लाख) मध्येबाट तोप २१ क्लबद्वारा संचालित राष्ट्रिय खुल्ला क्लब स्तरीय भलिबल प्रतियोगिता, २०८१ का लागि रु. ४,००,०००।- (चार लाख) रुपैंया सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २५

यस चौतारा साँगाचोकगढी नगरपालिकाको १६ औं नगर सभाबाट पारित आ.व. ०८१/८२ को वार्षिक नगर विकास योजनामा विनियोजित योजनाहरु मध्ये बोलपत्र मार्फत् संचालित योजनाहरुमा बाँकी रहेको देहाय बमोजिमका बजेटलाई निम्नानुसार रकमान्तर/संसोधन गर्ने निर्णय गरियो।

| सि.नं. | साविकको योजना/संसोधन/रकमान्तर हुनु अघिको शिर्षक | ठेक्का पश्चात् बाँकी रहेको रकम | सि.नं. | हालको योजना/संसोधन/रकमान्तर पछिको शिर्षक | हाल विनियोजित रकम |
|---|---|---|---|---|---|
| १. | कोटडाँडा हर्रे भुलभुले सडक, वडा नं. १३ | ११००००० | १. | झ्याडी लामो कुलो मुहान संरक्षण, वडा नं. ७ | ३००००० |
| | | | २. | भुवागाउँ सिरानटोल देखि पुछारटोल सडक स्तरोन्नती, वडा नं. ३ | ८००००० |
| २. | चौतारा बतासे कुम्भेश्वर सडक, वडा नं. ३ | १४००००० | ३. | कुविन्डे दलित वस्ती सडक स्तरोन्नती, वडा नं. ४ | ७००००० |
| | | | ४. | कुण्डला बाहुनटोल सडक स्तरोन्नती, वडा नं. १३ | ७००००० |
| ३. | जल्केनी कार्कीटार सुकुटे सडक, वडा नं. १० | ८५०००० | ५. | सिम्लेभीर सेतीदेवी बिद्यालय सडक स्तरोन्नती, वडा नं. ४ | ८५०००० |
| ४. | पानीचौर स्वाँराथोक सडक, वडा नं. १० | १०००००० | ६. | जिल्ला समन्वय प्रमुख आवास परिषरमा सडक तथा कम्पाउण्ड निर्माण, वडा नं. ५ | १०००००० |
| ५. | चौतारा गिदाने सडक, वडा नं. ६ | १५००००० | ७. | चौतारा गिदाने सडक भौतिक निर्माण, वडा नं. ६ | ७००००० |
| | | | ८. | भिरकुना खोल्चा भाचेत खेत सिंचाई कुलो निर्माण तथा व्यवस्थापन, वडा नं. ५ | ३००००० |
| | | | ९. | तिप्लिङ खोला Causeway निर्माण, वडा नं. ४ र ८ | ५००००० |
| ६. | आहालडाँडा डाँडापारी भिरकुना सडक, वडा नं. ६ | ३८००००० | १०. | साँगाचोक भन्ज्याङ देखि वछला मन्दिर जाने मोटर बाटो स्तरोन्नती, वडा नं. १२ | १९००००० |
| | | | ११. | कुविन्डे शहिद स्मृति पार्क, वडा नं. ४ | ९००००० |
| | | | १२. | उप प्रमुख कार्यकक्ष र प्र.प्र.अ. कार्यालय आवास मर्मत | ४००००० |
| | | | १३. | मार्सेखोला लामोकुलो झ्याडी सिंचाइ योजना, वडा नं. ७ | ३००००० |
| ७. | पानीचौर स्वाँराथोक सडक, वडा नं. १० | १००००० | १४. | सेतिदेवी मा.वि. भौतिक निर्माण, वडा नं. १, स्याउले | ५००००० |
| | कोटडाँडा हर्रे भुलभुले सडक, वडा नं. १३ | १००००० | | | |
| | आहालडाँडा डाँडापारी भिरकुना सडक, वडा नं. ६ | ३००००० | | | |

**निर्णय नं. २६**

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम मध्ये विभिन्न मितिमा विभिन्न शिर्षकमा विनियोजित बजेट मध्ये नगर प्रमुखबाट तोक आदेश भएका देहाय बमोजिमका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको विवरण | वडा नं. | शिर्षक | बजेट |
|---|---|---|---|---|
| १. | पल्लाबारी कात्तिके कुलदेवता मन्दिर निर्माण | ७ | म्याचिङ फण्ड | ३००,००० |
| २. | टुँडिखेल प्रतिक्षालयमा बेन्च र सिलिङ लगाउने कार्य | ५ | विविध | ९६,००० |
| ३. | हुन्द्रुङ खोला किटिनी गैरीगाउँ सडक (बाटो सरसफाई तथा पहिरो पन्छाउने कार्य) | ३ | विविध | ६०,००० |
| ४. | पाँचकन्या सेतिदेवी मन्दिर तथा कालीदेवी सत्तल निर्माण | ११ | म्याचिङ फण्ड | ८००,००० |
| ५. | २८६१ औं सोनाम ल्होसार कार्यक्रम संचालन | ११ | मागमा आधारित | ५०,००० |
| ६. | शिव मन्दिर निर्माण कार्य | १० | म्याचिङ फण्ड | ३००,००० |
| ७. | हरितालिका तीज साँस्कृतिक कार्यक्रम संचालन | ५ | पर्यटन तथा सँस्कृति | १५०,००० |
| ८. | जिल्ला स्तरीय फुटबल प्रतियोगिता २०८१ मा टिम सहभागी खर्च | ५ | मागमा आधारित | १५०,००० |
| ९. | अध्यक्षकप शिक्षक भलिबल प्रतियोगितामा टिम सहभागी खर्च | ४ | मागमा आधारित | १००,००० |
| १०. | हाम्रो पालिका समुन्नत पालिका रेडियो कार्यक्रम संचालन | ५ | मागमा आधारित | २००,००० |
| ११. | मार्से चालिसे कुलो निर्माण | ७ | मागमा आधारित | २००,००० |
| १२. | बरको बोट घेराबार गर्ने कार्य | ४ | मागमा आधारित | १५०,००० |
| १३. | भुतछाँगा प्रवेशद्वारा तथा सिँढी रंगरोगन | ७ | मागमा आधारित | १००,००० |
| १४. | इच्छा पुरेश्वर महादेव मन्दिर सत्तल निर्माण | ११ | म्याचिङ फण्ड | २००,००० |
| १५. | गैरीस्वाँरा विन्दावासिनी मन्दिर निर्माण | ४ | म्याचिङ फण्ड | ७००,००० |
| १६. | पाल्लेखेत सिंचाइ कुलो मर्मत कार्य | ४ | म्याचिङ फण्ड | ३००,००० |
| १७. | कुविण्डे खोला पुल तथा खेत संरक्षण कार्य | ४ | मागमा आधारित | १५०,००० |
| १८. | कञ्चन स्मृति साहित्य प्रतिष्ठानद्वारा आधारभूत पत्रकारिता तालिम संचालन | ५ | मागमा आधारित | ३००,००० |
| १९. | गैरीगाउँ गोरेटोबाटो निर्माण | ५ | विविध कार्यक्रम | ३००,००० |
| २०. | गौराती भिमसेन मन्दिरमा ट्रस्ट निर्माण | ६ | मागमा आधारित | ३००,००० |
| २१. | ११ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता संचालन | ५ | मागमा आधारित | ६००,००० |
| २२. | मल्टीमिडिया सम्बन्धी ज्ञान तथा क्षमता अभिवृद्धि तालिम संचालन | ५ | मागमा आधारित | २००,००० |
| २३. | साख्यमुनी बौद्ध विहार व्यवस्थापन तथा गुम्बा निर्माण कार्य | ४ | म्याचिङ फण्ड | २५०,००० |
| २४. | बागमती प्रदेशस्तरीय पाँचौं जुनियर आमन्त्रण मेयर कप तेक्वान्दो प्रतियोगिता २०८१ मा सहभागी | | मागमा आधारित | १००,००० |
| २५. | जोगीडाँडा सानो धुसिने सिंचाइ पोखरी निर्माण | १० | म्याचिङ फण्ड | ४५०,००० |

| क्र.सं. | योजनाको विवरण | वडा नं. | शिर्षक | बजेट |
|---|---|---|---|---|
| २६. | ब्युटीपार्लर आधारभूत तालिम संचालन | २ | मागमा आधारित | ३५०,००० |
| २७. | घुम्नेडाँडा सडक संरक्षण | ९ | म्याचिङ फण्ड | ३५०,००० |
| २८. | लामाटोल आहालडाँडा सडक स्तरोन्नती | १० | म्याचिङ फण्ड | २००,००० |
| २९. | घलेगाउँ मोटरबाटो निर्माण | ५ | विविध कार्यक्रम | ३००,००० |
| ३०. | कटुन्जेपानी पिपलबोट सडक स्तरोन्नती | ११ | म्याचिङ फण्ड | ७००,००० |
| ३१. | तल्लोटोल गोर्सु सिंचाइ योजना | ९ | म्याचिङ फण्ड | ५००,००० |
| ३२. | हुन्द्रुङ खानेपानी सम्पन्न | ५ | मागमा आधारित | ३००,००० |
| ३३. | दुलाल गाउँ बस्ती संरक्षण | १३ | म्याचिङ फण्ड | ४००,००० |
| ३४. | काभ्रे पाखीनटोल गोरेटोबाटो | ११ | मागमा आधारित | ४००,००० |
| ३५. | मेलचौर मंग्राती गोरेटोबाटो | ७ | मागमा आधारित | १००,००० |
| ३६. | सेतीदेवी सातकन्या मन्दिर स्तरोन्नती | ५ | म्याचिङ फण्ड | ४००,००० |
| ३७. | कालीदेवी मन्दिर स्तरोन्नती | ५ | म्याचिङ फण्ड | ४००,००० |
| ३८. | फोकटेवास वाल निर्माण | ७ | विविध कार्यक्रम | २००,००० |
| ३९. | नारायणदेवी मन्दिर निर्माण | १३ | म्याचिङ फण्ड | २००,००० |
| ४०. | मेलचौर लिफ्ट खानेपानी | ७ | मागमा आधारित | ५००,००० |
| ४१. | फालाटे सडक खण्ड अन्तर्गत श्रीया देविथान पयौंखोल्सा खर्क चौर सडक मर्मत | ११ | म्याचिङ फण्ड | ७००,००० |
| ४२. | खमारेखेत सिंचाइ योजना | १३ | मागमा आधारित | १००,००० |
| ४३. | चिसापानी खेत सिंचाइ कुलो | १३ | म्याचिङ फण्ड | २००,००० |
| ४४. | अँधेरी घट्टेखोला सिंचाइ कुलो मर्मत तथा नदी नियन्त्रण | १० | म्याचिङ फण्ड | ३५०,००० |
| ४५. | पिप्ले पुछार कुलो सिंचाइ योजना | ७ | विविध कार्यक्रम | २५०,००० |
| ४६. | लप्से सिंचाइ पोखरी सम्पन्न | ९ | मागमा आधारित | ५००,००० |
| ४७. | जिल्ला प्रशासन कार्यालय परिषरमा शौचालय निर्माण | ५ | विविध कार्यक्रम | ३९०,००० |
| ४८. | प्रथम जिल्ला स्तरीय शहिद स्मृति कपमा नगरपालिकाको टिमलाई सहभागी खर्च | ५ | मागमा आधारित | १५०,००० |
| ४९. | कुविण्डे दुग्ध उत्पादक सहकारी संस्था लि. लाई दुग्ध चिस्यान केन्द्र मर्मत तथा कार्यालय व्यवस्थापन | ४ | मागमा आधारित | २००००० |
| ५०. | सुर्योदय कृषि तथा पशुपालन फर्मलाई कृषि अनुदान | १ | मागमा आधारित | २५०००० |
| ५१. | चौतारा स्पोर्टङ्ग क्लब खेलकुद कार्यक्रम तथा विविध खेलकुदमा सहभागी खर्च | ५ | मागमा आधारित | १५०,००० |
| ५२. | लायन्स क्लब काठमाडौं सिन्धु चौतारा सिटीद्वारा आयोजित मैत्रीपुर्ण खेल संचालन | ५ | मागमा आधारित | २००००० |

<u>निर्णय नं. २७</u>

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नगर विकास योजनामा स्वीकृत आन्तरिक श्रोतबाट प्रदेशमा जाने ४० प्रतिशतको बजेटबाट नगरपालिका कार्यालय प्रयोजनका लागि रु. १०,००,०००।- (दश लाख) बराबरको मोटराइकल खरिद गर्नका लागि नगरपालिका कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

निर्णय नं. २८

यस चौतारा साँगाचोकगढी नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को लागि यस नगरपालिकाबाट देहाय बमोजिमका प्रदेश समपुरक र प्रदेश विशेष तर्फका योजनाहरु बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव गरी लागत स्टीमेट समेत तयार गरी तोकिएको समय सिमा भित्र उक्त मन्त्रालयको इमेल ठेगाना moeap3@gmail.com मा पठाउने निर्णय गरियो।

क) प्रदेश सरकारसँगको प्रदेश समपूरक कार्यक्रम :

| क्र.सं. | योजनाको नाम | ठेगाना | नगरपालिकाबाट व्यहोर्ने समपुरक रकम (६० प्रतिशत) | प्रदेशमा प्रस्तावित समपुरक रकम (४० प्रतिशत) | कुल जम्मा रकम |
|---|---|---|---|---|---|
| १. | चौतारा भालुवन किटिनी देविडाँडा नौविसे कृषि सडक | चौतारा साँगाचोकगढी न.पा.-२, ३ र ५, सिन्धुपाल्चोक | १७९८९६६५.९८ | ११९९३११०.६६ | २९९८२७७६.६४ |
| २. | नौविसे रानीटार शेरा कुम्भेश्वर कृषि सडक | चौतारा साँगाचोकगढी न.पा.-०२, सिन्धुपाल्चोक | १७९८२२७६.७ | ११९८८१८४.४६ | २९९७०४६१.१६ |
| ३. | जल्केनी कार्कीटार सुकुटे सडक कालोपत्रे तथा स्तरोन्नती | चौतारा साँगाचोकगढी न.पा.-१०, सिन्धुपाल्चोक | १८००२५२६.८४ | १२००१६८४.५६ | ३०००४२११.४ |
| ४. | नर्सरी विर्ताथोक सडक | चौतारा साँगाचोकगढी न.पा.-११, सिन्धुपाल्चोक | १८०००३०४.२५ | १२०००२०२.८३ | ३००००५०७.०८ |
| ५. | सातदोबाटो गोसाई गाउँ बजिनी हुँदै इन्द्रावती गा.पा. माझीवस्ती सम्मको सडक | चौतारा साँगाचोकगढी न.पा.-१३ र इन्द्रावती-१०, सिन्धुपाल्चोक | १८००३६१६.७६ | १२००२४११.१७ | ३०००६०२७.९३ |
| ६. | ठूलोसिरुवारी सातदोबाटो इर्खु सडक | चौतारा साँगाचोकगढी न.पा.-१३ र ८, सिन्धुपाल्चोक | १८०१४६६६.२५ | १२००९७७७.५ | ३००२४४४३.७५ |
| | जम्मा | | १०७९९३०५६.८ | ७१९९५३७१.१८ | १७९९८८४२८ |

ख) प्रदेश सरकारसँगको विशेष अनुदान कार्यक्रम :

| सि.नं. | योजनाको नाम | ठेगाना | प्रदेशमा प्रस्ताव गरिएको विशेष अनुदान रकम |
|---|---|---|---|
| १. | शहिद स्मृति बालग्राम भवन निर्माण, (क्रमागत) | चौतारा साँगाचोकगढी न.पा.-७, सिन्धुपाल्चोक | २९९६२७८३.०८ |
| २. | महादेवटार, डुम्रेबेंसी, जामुने, भिमटार लिफ्ट खानेपानी योजना | चौतारा साँगाचोकगढी न.पा.-११, सिन्धुपाल्चोक | २९८२९१०४.७८ |
| ३. | ऐतिहासिक तथा पर्यटकीय क्षेत्र रानीपोखरी मन्दिर संरक्षण तथा भौतिक निर्माण | चौतारा साँगाचोकगढी न.पा.-८, सिन्धुपाल्चोक | १०००४५६१.१२ |
| ४. | खत्रीथोक, दलितबस्ती हुँदै टुनिबोटे कृषि सडक | चौतारा साँगाचोकगढी न.पा.-१० र १२, सिन्धुपाल्चोक | ३००२०७७२.१ |
| ५. | जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण | चौतारा साँगाचोकगढी न.पा.-५, सिन्धुपाल्चोक | ७७५५८७५.८२ |
| | जम्मा | | १०७५७३०९६.९ |

निर्णय नं. २९

आ.व. २०८२/०८३ मा यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र देहाय बमोजिमका योजनाहरु सडक बोर्ड नेपाल, मीनभवन, काठमाडौंसँग निम्नानुसारको लागत साझेदारीमा संचालन गर्न आवश्यक प्रकृया अगाढी बढाउने निर्णय गरियो।

| क.सं. | योजनाको नाम | बजेट रु. | | |
|---|---|---|---|---|
| | | सडक बोर्ड नेपालबाट व्यहोर्ने (७० प्रतिशत) | नगरपालिकाबाट व्यहोर्ने (३० प्रतिशत) | कुल जम्मा |
| १. | बोगटीटोल सडक नाला निर्माण तथा स्तरोन्नती, चौ.सा.गढी.-१०, सि.पा. | १०५०००० | ४५०००० | १५००००० (पन्ध्र लाख) |
| २. | छेकाथोक हुँदै डम्पिङ साइड जाने सडक ढलान तथा स्तरोनन्ती, चौ.सा.गढी.-५, सि.पा. | १०५०००० | ४५०००० | १५००००० (पन्ध्र लाख) |

निर्णय नं. ३०

आ.व. २०८२/०८३ मा यस चौतारा साँगाचोकगढी नगरपालिका भित्र देहाय बमोजिमका चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१/११/११ गतेको निर्णयानुसार नगरपालिका भित्रको विभिन्न स्थानहरुमा पहिरोको कारणले उच्च जोखिममा रहेका घर/गोठहरुको संरक्षण तथा मर्मत गर्नका लागि स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गर्न गठन भएको समितिले आवश्यक अध्ययन पश्चात् तयार गरेको "चौतारा साँगाचोकगढी नगरपालिका भित्रका विभिन्न स्थानहरुमा पहिरोको कारण उच्च जोखिम रहेको घर/गोठहरुको संरक्षण तथा मर्मत गर्ने सम्बन्धी प्रतिवेदन-२०८२" अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ३१

चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८१ पौष २८ गतेको १७ औं नगर सभाबाट दहत्तर बहत्तर तर्फको प्रभावित क्षेत्र शिर्षकमा विनियोजित बजेट रु. २५,००,०००।- (पच्चीस लाख) को वडा नं. ११ को वडा समितिको निर्णयानुसार पेश हुन आएको देहाय बमोजिम ब्रेकडाउन बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | शिर्षकको नाम | कुल बजेट | बाँडफाँड बजेट |
|---|---|---|---|
| १. | प्रभावित क्षेत्र | २५००००० | |
| १.१ | गुणस्तरीय शिक्षा क्षेत्र व्यवस्थापन अनुदान | | १५०००० |
| १.२ | वि.क. टोल मन्दिर निर्माण | | २००००० |
| १.३ | भिमटार महिला भवन निर्माण | | ३००००० |